कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी बिकास निर्देशनालय
# पशु अस्पताल तथा पशु सेवा कार्यालय
सल्यान

फोन न : ०८८५२०३८२
मिति :२०८२।०७।१९

प.सं. २०८२/०८३
च.नं.

## आवेदन पेश गर्ने सम्बन्धि सूचना
**प्रथम पटक प्रकाशित मिति :२०८२।०७।१९**

पशु अस्पताल तथा पशु सेवा कार्यालय सल्यानको आ.व.२०८२।०८३ को बार्षिक स्विकृत कार्यक्रम अनुसार तपशिल बमोजिमको कार्यक्रमहरु संचालन गर्न इच्छुक सल्यान जिल्लाका तपशिलमा उल्लेखित आवेदकहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र पशु अस्पताल तथा पशु सेवा कार्यालय सल्यानमा तोकिएको ढाँचामा आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरीएको छ । बिस्तृत जानकारीको लागी यस कार्यालयको टोल फ्रि नं. १८१०५००००१ वा सूचना अधिकारी श्री वीरेन्द्र के.सी. को सम्पर्क नं. ९८५६०३९६०६ मा सम्पर्क गर्न सकिनेछ ।

तपशिल

| क्र.सं. | कार्यक्रमको नाम | प्रोत्साहन रकम |
|---|---|---|
| १ | दुध उत्पादन गर्ने दुग्ध व्यावसायीहरुलाइ प्रति लि.रु ५ अनुदान प्रोत्साहन कार्यक्रम | २८,००,००० |

**आवश्यक कागजातहरु :**

१. रु १० को हुलाक टिकट टाँस गरीएको निवेदन ।
२. नेपालि नागरीकताको प्रतिलिपि ।
३. सम्बन्धित वडा तथा पशु सेवा शाखाको सिफारिस ।
४. सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्र को प्रतिलिपि, स्थायी लेखा नं. र करचुक्ताको प्रतिलिपि ।
५. कार्यालयले तोकिएको ढाँचामा प्रस्ताव ।
६. अन्य कुनै पनि कार्यक्रमबाट अनुदान नलिएको स्वघोषण पत्र ।
७. मिति २०८२ साल श्रावन १ गते देखि असोज ३१ गते सम्मको विक्री गरेको दुधको रेकर्ड ।
८. दुध उत्पादनमा प्रोत्साहन सेवा लिनका लागी औपचारीक रुपमा दुग्ध उत्पादक कृषकले दुध संकलन केन्द्र, डेरी पसल वा सहकारीको अभिलेख राखी विक्रीवितरणको रेकर्ड प्रमाणित भएको हुनुपर्ने ।

नोट : अनुसुचि पाइने स्थान ।
१) ज्ञानु प्रिन्टिङ प्रेस खलंगा २ सल्यान ।
२) आशिस स्टेशनरी श्रीनगर १ सल्यान ।

............................
गोविन्द बहादुर महत
नि.कार्यालय प्रमुख

"पशुपन्छी प्रति हुने सम्पुर्ण निर्दयिता अन्त्य गरौं, बिरामी परेमा तत्काल उपचार गरौं"
वेबसाइट : salyan.vethos.gov.np

अनुसूची-१९

(दफा २० को उपदफा (१) को खण्ड (ख) संग सम्बन्धित)

**प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रममा सहभागीको लागि निवेदन र आवश्यक विवरण**

श्रीमान प्रमुखज्यू

...............................

.......................................

मितिः

विषयः प्रतिफलमा आधारीत प्रोत्साहन कार्यक्रममा सहभागी गराई दिने बारे।

महोदय,

तहाँ कार्यालयको मिति ......... को सूचना बमोजिम प्रतिफलमा आधारीत प्रोत्साहन कार्यक्रममा सहभागीताका लागि देहाय बमोजिमको बिबरण सहित यो निवेदन पशे गरेको छु।

देहायः

(क) खाद्यान्न; तरकारी तथा मसलाबाली; दलहन, रैथाने बाली सम्बन्धी विवरणः

बालीको नामः जातः

रोप्ने मितिः खेती गरिने क्षेत्रफलः

(ख) फलफूल खेती सम्बन्धी विवरणः

फलफूलको नामः बोट संख्याः क्षेत्रफलः

(ग) फलफूल कलमी बिरुवा सम्बन्धी विवरण

फलफूलको नामः कलमी बोट संख्याः

(घ) पशु सम्बन्धी विवरण

पालन गरिएको पशुको नामः संख्याः



CamScanner

(ङ) मौरीपालन सम्बन्धी विवरण मौरीको प्रजाती:

(च) गोला सहितको घार संख्या (उन्नत घार): गोला सहितको घार संख्या (स्थानीय घार):

(छ)अण्डा उत्पादन सम्बन्धी विवरण

अण्डा बिक्री संख्या:

अनुसूची-२०

(दफा २० को उपदफा (३) सँग सम्बन्धित)

**<u>प्रोत्साहन अनुदानको सिमा</u>**

| विवरण | न्यूनतम क्षेत्रफल र सङ्ख्या | प्रोत्साहन अनुदान रकम | कैफियत |
|---|---|---|---|
| तरकारी तथा मसला बाली (अदुवा, बेसार, खुर्सानी लसुन, प्याज) | पाँच रोपनी | बीस हजार रुपैयाँ | पाँच रोपनी भन्दा बढी भएमा प्रति रोपनी दुई हजार रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँसम्म। |
| फलफूल | • आँप, लिची, ओखर र एभोकाडो- पचास बोट,<br>• स्याउ, सुन्तलाजात एक सय, अन्य (किवी, केरा, ड्रागन | बीस हजार रुपैयाँ | • यसभन्दा बढी फल्ने बिरुवामा प्रति बिरुवा रु. एक सय पचासका दरले थप गरी प्रति कृषक अधिकतम पचास हजार रुपैयाँसम्म।<br>• पाँच रोपनीभन्दा बढी क्षेत्रफलका लागि प्रति रोपनी दुई हजार रुपैयाँको दरले पचास हजार रुपैयाँसम्म। |



CamScanner

| | | | |
|---|---|---|---|
| | फ्रुट) फलफूल पाँच रोपनी | | |
| दलहन तेलहन बाली | पाँच रोपनी | बीस हजार रुपैयाँ | पाँच रोपनीभन्दा बढी भएमा प्रति रोपनी एक हजार पाँच सय रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँसम्म। |
| रैथाने बाली वस्तु (फापर, कोदो, चिनो, कागुनो, लट्टे,) | प्रति बाली पाँच रोपनी | पन्ध्र हजार रुपैयाँ | पाँच रोपनी भन्दा बढीमा प्रति रोपनी दुई हजार रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँसम्म। |
| गाई वा भैंसी | पाँच वटा माउ | तीस हजार रुपैयाँ | पाँच वटा भन्दा बढी भएमा प्रति गाई भैंसी दुई हजार रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँ सम्म। |
| बाख्रा, भेडा तथा च्याङ्ग्रा | पचास वटा माउ | तीस हजार रुपैयाँ | पचास वटा भन्दा बढी भएमा प्रति गोटा एक हजार रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँ सम्म। |



CamScanner

| | | | |
|---|---|---|---|
| खाद्यान्न बाली बीउ उत्पादन | दश रोपनी | बीस हजार रुपैयाँ | दश रोपनी भन्दा बढी भएमा प्रति रोपनी एक हजार पाँच सय रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँ सम्म। |
| माछापालन | (क)कार्प तथा अन्य प्रचलित प्रजाती दुई रोपनी जलाशय<br>(ख) रेन्बो ट्राउट दुई सय वर्ग मीटर रेसवेको जलाशय | पच्चिस हजार रुपैयाँ | (क) दुई रोपनी भन्दा बढी भएमा प्रति रोपनी तीन हजार रुपैयाँका दरले बढीमा पचास हजार रूपयाँसम्म<br>(ख) दुई सय वर्ग मिटर भन्दा बढी भएमा प्रति दश वर्ग मिटर एक सय रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँ सम्म। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय



CamScanner

| | | | |
|---|---|---|---|
| मौरीपालन | सेरेना प्रजातीः बीस घार गोला सहित मेलिफेरा प्रजातीः पचास घार गोला सहित (मध्यपहाडको हकमा आधुनिक घार हुनुपर्ने) | बीस हजार रुपैयाँ | न्यूनतम घार भन्दा बढी भएमा प्रति घार एक हजार रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँ सम्म। |
| अण्डा बिक्री | वार्षिक दुई लाख गोटा | तीस हजार रुपैयाँ | थप उत्पादनमा प्रति क्यारेट पाँच रुपैयाँका दरले बढीमा एक लाख साठी हजार रुपैयाँ सम्म। |
| फलफूलका कलमी बिरुवा | प्रति बिरुवा | सुन्तलाजातःतीन रुपैया स्याउः पाँच रुपैया ओखरः दश रुपैया अन्यः तीन रुपैया | दर्ता भएका नर्सरीहरुलाई ओखरको हकमा न्यूनतम वार्षिक दुई सय बिरुवा र अन्य बिरुवाको हकमा न्यूनतम पाँच सय बिरुवा सङ्ख्या र गुणस्तरका आधारमा नगद प्रोत्साहन अनुदान दिने र प्रति नर्सरी |

| | | | |
|---|---|---|---|
| | | | अधिकतम एक लाख रुपैयाँसम्म दिन सकिने। |
| संगठित बजारमा दुध बिक्री | जुम्ला, कालिकोट, हुम्ला, डोल्पा र मुगु | | दश रुपैयाँ प्रति लिटर |
| | दैलेख, सल्यान, सुर्खेत, रुकुम (पश्चिम) र जाजरकोट। | | पाँच रुपैयाँ प्रति लिटर |
| | दलित वर्ग ले दुध बजारमा बिक्री गरेकी वडा कार्यालयबाट प्रमाणित गरेर निवेदन पेस गरेमा | | पाँच रुपैयाँ प्रति लिटर |

आन्तरिक मामिला तथा कानून मन्त्रालय